कार्यपालिकाको ६६ औं बैठक/स्थानः- अध्यक्ष ज्यूको कार्यकक्ष

मिति २०८२ साल कार्तिक महिनाको १८ गते मंगलबार

अध्यक्षताः- श्रीमान् बेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष

उपस्थितिः-

१. श्री बेग प्रसाद गर्बुजा – अध्यक्ष

२. श्री लक्ष्मी देवी घर्ति मगर पुन – उपाध्यक्ष

३. श्री टंक प्रसाद पुन – वडा अध्यक्ष वडा नं. १

४. श्री उदय कुमार बुढाथोकी - वडा अध्यक्ष वडा नं. २

५. श्री मोति प्रसाद बुढा - वडा अध्यक्ष वडा नं. ३

६. श्री भजेन्द्रमान पुन - वडा अध्यक्ष वडा नं. ४

७. श्री ~~मिम मन~~ नमित घर्ती पुन - वडा अध्यक्ष वडा नं. ५

८. श्री पथ बहादुर रोका - वडा अध्यक्ष वडा नं. ६

९. श्री टक बहादुर पुन - वडा अध्यक्ष वडा नं. ७

१०. श्री मन कुमारी पुन – कार्यपालिका सदस्य

११. श्री प्रतिक्षा वि.क. - कार्यपालिका सदस्य

१२. श्री देवी पटेल - कार्यपालिका सदस्य

१३. श्री छरदेवी घर्ती - कार्यपालिका सदस्य

१४. श्री दल बहादुर खड्काथोकी - कार्यपालिका सदस्य

१५. श्री अनुप गौचन - कार्यपालिका सदस्य

१६. श्री हरिश्चन्द्र ढकाल – प्रमुख प्रशासकीय अधिकृत

अन्य उपस्थितिः-

प्रस्तावहरु:-

१. निर्वाचन मतदान केन्द्र परिवर्तन सम्बन्धमा,

२. विविध ।

निर्णयहरु:-

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेका कुनैपनि मतदान केन्द्र परिवर्तन गर्न नपर्ने निर्णय गरियो ।

२. मालिका गाउँपालिकामा कार्यरत भई कामकाजको लागि अन्यत्र खटाइएका कर्मचारीहरुलाई रमाना दिने सम्बन्धमा निज रमाना भई रिक्त हुने स्थानमा करार सेवामा भर्ना गरी कामकाज लगाउने गरी रमाना दिने निर्णय गरियो ।

३. चालु आ.व. २०८२/०८३ मा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम समपूरक अनुदान मार्फत स्रोत सुनिश्चित भएको दरबाङ बजार पिच - दरबाङ दिच्याम मालिका - रघुगंगा सडक शिर्षकको आयोजनाको काम दरबाङ बजारका सबै मुख्य बाटो र भित्री गल्ली लगायतका ठाउँहरुमा बजेटले पुगेसम्म नाली सहितको संरचना तयार पारी उक्त तयार भएको ठाउँमा कालोपत्रे गर्ने गरी आयोजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

४. यस मालिका गाउँपालिकाको भूमि बर्गिकरणको लागि चालू आ.व. को परामर्श शिर्षकबाट खर्च लेख्ने गरी प्रचलित खरिद नियमावली बमोजिम परामर्शदाता छनौट गरी कार्य प्रारम्भ गर्ने निर्णय गरियो ।

५. यस गाउँपालिकाबाट प्रकाशित सूचना अनुसारको गाउँ प्रहरी पदको परीक्षा गरी पदपूर्ति गर्ने निर्णय गरियो ।

६. स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२ को परिच्छेद – ३ दफा ६ (१) बमोजिम यस गाउँपालिकामा सूचना प्रविधि अधिकृत पदमा कार्यरत सुशिल गर्बुजालाई मिति २०८२ साल माघ १ देखि लागू हुने गरी सातौं तहको अधिकृत स्तर कायम गर्ने निर्णय गरियो ।

७. यस मालिका गाउँपालिका अन्तर्गत वडा नं. २ मा मिति २०८२/०३/२५ गते आएको अविरल वर्षाका कारण मोतिलाल कामी, धन बहादुर पुन, वडा नं. ४, महभिर निवासी खोविसरा ~~कौशिल्ला~~ सुनार र वडा नं. ४, ओखरबोट निवासी मैकुटे पटेलको घर गोठ भत्किएकोले निजहरुलाई विपद् शिर्षकबाट जनही २५,०००/-(पच्चीस हजार) का दरले रु.

१,००,०००/- (एक लाख मात्र) विपद् शिर्षकबाट खर्च लेख्ने गरी राहत स्वरुप सहयोग गर्ने निर्णय गरियो ।

८. यस मालिका गाउँपालिका वडा नं. २ निवासी महेन्द्र बहादुर पुन, प्रकाश पुन र वडा नं. ५ निवासी शिशिर पुनले मानसिक सन्तुलन गुमाई सिर्जनशिल जिवन प्रा.लि. थानकोट, काठमाण्डौंमा उपचाररत रहेकाले निजहरुलाई जनही रु. ३०,०००/- (तिस हजार मात्र)का दरले रु. ९०,०००/- (नब्बे हज़ार मात्र) आर्थिक सहायता कोषबाट खर्च लेखि निजहरु उपचाररत संस्थालाई भुक्तानी दिने निर्णय गरियो ।

९. यस मालिका गाउँपालिकाको चालु आर्थिक वर्षमा विनियोजित रु. १० लाख भन्दा कमका योजनाहरु निर्माण गर्नका लागि मिति २०८२/०८/१५ भित्र उपभोक्ता समिति गठन गरि सक्ने निर्णय गरियो ।

१०. यस मालिका गाउँपालिका अन्तर्गत विभिन्न वडा तथा स्वास्थ्य संस्थाहरुमा कार्यरत कार्यालय सहयोगीहरुको तलब विगत लामो समय देखि नवढी रहेको सन्दर्भमा मिति २०८२/०४/०१ देखि लागू हुने गरी रु. २,०००/- (दुई हजार मात्र) का दरले तलब वृद्धि गर्ने निर्णय गरियो ।